# सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दर भाउपत्र आव्हानको ७ दिने सूचना

### प्रथम पटक प्रकाशित मिति २०८३/३/९ गते

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको पोखरी बाट आन्तरिक आय संकलन प्रयोजनार्थ सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि मिति २०८३/०३/१६ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कबुल अंकको १०% ( दश प्रतिशत) रकम सबैला नगरपालिका स्थित एन. आई. सी. एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३८४५८००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु १०।- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगरकार्यपालिकाको कार्यालय सबैलामा दर्ता गराउनुहोला र सो सिलबन्दी दरभाउपत्रहरु सोही दिन अर्थात मिति २०८३/०३/१६ गते दिनको २:०० बजे खोलिने छ । दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ । उपस्थित नरहे पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजुरी नलागने व्यहोरा समेत सर्वसाधारणलाई जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ ( सात ) दिन २०८३/०३/१५ गते भित्र रु १०००।- (एक हजार) नगद तिरी ( पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिक्ता प्रमाण-पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रुपले दिनु पर्ने छ ।

२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा वर्ष ५ (पाँच) को हुनेछ ।

३. तल उल्लेखित पोखरीहरुको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ । नगरपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ ।

| आय ठेक्का नं. | पोखरीको नाम | पोखरी रहेको स्थान | ४ बर्षका लागि VAT सहितको न्युनतम ठेक्का रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | पोखरी नं. २ दुर्योधन पोखरी, (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ४ | ३,४०,०००।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| २ | पोखरी नं. ४ कोठिया सडक देखी दक्षिण पोखरी, (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ४ | २,०६,६७०।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| ३ | पोखरी नं. ५ कोठिया सडक छेव वाला पोखरी, (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ४ | १,८३,३३५।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| ४ | दह पोखरी १ देखी ५ सम्म, (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ४ | १२,३३,३३५।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| ५ | निम पोखरी ईनर्वा, (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ११ | ४,००,०००।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| ६ | मसोमात पोखरी ईनर्वा, (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ११ | २,८०,०००।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| ७ | गेरुवाही पोखरी (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. १० | ८,००,०००।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| ८ | हवरा पोखरी खरिहानी, - (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. १० | ३,००,०००।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| ९ | पुर्णी पोखरी इनर्वा, - (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ११ | ८,७३,३३५।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |
| १० | चौ. मटही नयाँ पोखरी (सानो) (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. ७ | १,४०,०००।- | सरसफाई वापत थप १ बर्ष निशुल्क हुनेछ |

*सम्पर्क: नगर प्रमुख 9844101838, उपप्रमुख 9807843011 प्रमुख प्रशासकीय अधिकृत 9854062111*
*email:sabailamun@gmail.com, web: wwwsabailamun.gov.np*

४. सबैला नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।
५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।
६. न. पा. को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले न. पा. को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन ।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पुर्णरुपले पालन गर्नु पर्नेछ ।
८. नेपाल सरकारलाई तिर्नु पर्ने कर ठेकेदार स्वयंले नै तिर्नु पर्नेछ ।
९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ ।
१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिलान हुनेछ ।
११. हालको अवस्थामा रहेका पोखरीहरुको आकार र स्वरुपमा न. पा. को स्वीकृती विना परिवर्तन गर्न पाइने छैन् ।
१२. पोखरीको क्षेत्र भित्र विक्री गर्ने माछा, मासु, अण्डा, आदिबाट, निस्केको आन्द्रा भुडि, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ ।
१३. नगरपालिकाले कुनै पनी अवस्थामा ठेक्का रकम मिन्हा गर्ने छैन ।
१४. किस्ताको हकमा वार्षिक किस्ता हुनेछ । ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ३० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ, भने दोस्रो तेश्रो र चौथो किस्ता क्रमश २० प्रतिशतका दरले रकम २०८४, २०८५ र २०८६ साल असाढ महिनाको २० गते भित्र बुझाउनु पर्नेछ । नबुझाएको खण्डमा ठेक्का बदरगरी अर्को व्यवस्था भइजानेछ ।
१५. ठेक्का सदर भएको ७ ( सात ) दिन भित्र पहिलो किस्ता बुझाई सके पछी चलनपुर्जी दिईनेछ । सो म्याद भित्र चलनपुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ ।
१६. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।
१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ ।
१८. यस सूचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।
१९. यस सम्बन्धी अन्यकुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ ।
२०. किस्ता वापतको रकम श्री NIC ASIA BANK LTD. खाता नं. ग.१.१ ०३१२०५००३८४५८००१ मा जम्मा गर्नु पर्ने छ । खाता वलाको नाम आन्तरिक राजश्व खाता सबैला नगरपालिका रहेको छ ।

खिम बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

.........................
प्रमुख प्रशासकीय अधिकृत

पोखरी निर्माणका योजना रहेको जानकारी दिनुभयो।

गरी कबोल गरेको सिल बन्दी बोलपत्र पेस गर्नुहुन आह्वान गरिएको छ : सिलबन्दी बोलपत्र तथा विस्तृत सवारी साधन तल दिइएको लिंकमा गएर डाउनलोड गरी भर्न सकिने छ : https://www.caritasnepal.org/

# सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा, मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का बन्दोबस्त सम्बन्धी दरभाउपत्र आह्वानको ७ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०३/९ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम बहाल बिटौरी कर सङ्कलन गर्ने प्रयोजनार्थ सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलका पोखरीहरूलाई ठेकेदार स्वयंले सरसफाइ तथा पोखरी खनी डिल मर्मत गर्ने सर्तमा बढाबढ प्रक्रियाबाट ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि सबैला न.पा.को कार्यालय तथा website: www.sabailamun.gov.np मा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| आय ठेक्का नं. | पोखरीको नाम | स्थान | ४ वर्षको न्यूनतम मोल मू.अ. कर समेत रु | कैफियत |
|---|---|---|---|---|
| ६/०८२/०८३ | पोखरी नं २, दुर्योधन पोखरी, | सबैला न.पा. ४ | ६,४०,०००।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ७/०८२/०८३ | पोखरी नं. ५, कोठिया सडकदेखि दक्षिण पोखरी | सबैला न.पा. ४ | २,०६,६७०।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ८/०८२/०८३ | पोखरी नं. ५, कोठिया सडक छेव वाला पोखरी | सबैला न.पा. ४ | १,९६,३३५।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ९/०८२/०८३ | दह पोखरी नं. १ देखि ५ सम्म, | सबैला न.पा. ४ | १२,३३,३३५।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १०/०८२/०८३ | गेरुवाही पोखरी | सबैला न.पा. १० | ८,००,०००।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ११/०८२/०८३ | निम पोखरी ईनर्वा | सबैला न.पा. ११ | ५,००,०००।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १२/०८२/०८३ | मसोमात पोखरी ईनर्वा | सबैला न.पा. ११ | २,८०,,०००।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १३/०८२/०८३ | इयना पोखरी खनिहानी | सबैला न.पा. १० | ३,००,०००।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १४/०८२/०८३ | पूर्णी पोखरी इनर्वा | सबैला न.पा. ११ | ८,७३,३३५।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १५/०८२/०८३ | चौ. मटकी नयाँ पोखरी | सबैला न.पा. ७ | १,५०,०००।- | सरसफाइ बापत थप एक वर्ष निःशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |

प्रमुख प्रशासकीय अधिकृत